मिति २०८२/०५/१६ गते तदअनुसार ने.सं. ११४५ अलाथ्व नवमी, सोमबार दिनको २:०० वजे पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेश खरेलज्यूको अध्यक्षतामा तपशील बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसेको कार्यपालिकाको १५१ औं बैठकले देहायका विषयमा छलफल गरि निर्णय पारित गरियो।

<u>उपस्थिती</u>

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री महेश खरेल | नगर प्रमुख | |
| २. | श्री सुर्यमाया दनुवार | नगर उप-प्रमुख | |
| ३. | श्री पुरुषोत्तम सापकोटा | सचिव | |
| ४. | श्री सञ्जय तामाङ | नगर प्रवक्ता तथा सदस्य | |
| ५. | श्री जय बहादुर तामाङ | सदस्य | |
| ६. | श्री रामेश्वर दाहाल | सदस्य | |
| ७. | श्री सुन्दर अधिकारी | सदस्य | |
| ८. | श्री सुन्दर तामाङ | सदस्य | |
| ९. | श्री सिताराम ढुंगाना | सदस्य | |
| १०. | श्री रामशरण दुलाल | सदस्य | |
| ११. | श्री रामकृष्ण दंगाल | सदस्य | |
| १२. | श्री रामकाजी श्रेष्ठ | सदस्य | |
| १३. | श्री नारायण प्रसाद सापकोटा | सदस्य | |
| १४. | श्री हिराकाजी तामाङ | सदस्य | |
| १५. | श्री ज्ञान बहादुर दनुवार | सदस्य | |
| १६. | श्री सुकुविर तामाङ | सदस्य | |
| १७. | श्री यसोदा वसेल | सदस्य | |
| १८. | श्री सृजना परियार | सदस्य | |
| १९. | श्री सरस्वती फैजु | सदस्य | |
| २०. | श्री सुमित्रा खरेल | सदस्य | |
| २१. | श्री कल्पना ढुंगाना | सदस्य | |
| २२. | श्री माइली दनुवार | सदस्य | |
| २३. | श्री सुरेश भुजेल शिवभक्ती | सदस्य | |
| २४. | श्री बालकृष्ण रोका | सदस्य | |
| २५. | श्री कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत | |

बैठक संख्याः-१५१

मितिः-२०८२/०५/१६

नगर कार्यपालिकाको बैठकमा निर्णयका लागि पेश भएका प्रस्तावहरु

१.गत बैठकको समिक्षा।

२.अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम संचालन मार्गदर्शन स्वीकृती सम्बन्धमा।

३.फोहोरमैला व्यवस्थापनको ठेक्का सम्बन्धमा।

४.आर्थिक सहायता/सहयोग सम्बन्धमा।

५.झोलुङ्गे पुलका योजनालाई बहुवर्षिय खरिद गुरुयोजना बनाइ स्रोत सुनिश्चित गर्ने सम्बन्धमा।

६.सुनकोशी पाँचखाल खानेपानी आयोजनाको छुटपुट भएका पाइप लाईन विस्तार गर्ने सम्बन्धमा।

७.पाँचखाल न.पा. वडा नं १० स्थित धारापारी देउतीकोथान पोखरी घेराबार सम्बन्धमा।

८.पाँचखाल न.पा. वडा नं ९ स्थित झम्केश्वरी हुँदै राम्चे देवीस्थान सडक स्तरोन्नतीको लागि बजेट विनियोजन सम्बन्धमा।

९.पाँचखाल न.पा. वडा नं १२ स्थित सोवर्णे खोला देखि छरुवा खोला पाटी र सोवर्णे खोला देखि झिकुखोला दाहसस्कार गर्ने ठाँउसम्म करिडोर सडक निर्माण सम्बन्धमा।

१०.पाँचखाल न.पा. वडा नं ६ स्थित नव प्रतिभा मा.वि. स्कुल बस खरिद अनुदान सम्बन्धमा।

११.पाँचखाल न.पा. वडा नं ४ स्थित लामिडाँडा देखि फेदी जोड्ने मोटर बाटो स्तरोन्नती सम्बन्धमा।

१२.पाँचखाल न.पा. वडा नं ९ स्थित धोन्द्रेखोलामा खानेपानीको लागि पम्प उपलब्ध गराउने सम्बन्धमा।

१३.पाँचखाल नगरपालिका भित्र रहेका बाटोहरु सरसफाई गर्ने सम्बन्धमा।

१४.प्रहरी चौकीमा रहेको इन्टरनेटको रकम भुक्तानी सम्बन्धमा।

१५.आस्फल्ट व्याचिङ प्लान्टको बारेमा स्पष्टता पार्ने सम्बन्धमा।

१६.घाँसको विउ वितरण सम्बन्धमा।

१७.कृतिम गर्भाधानकर्तालाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धमा।

१८.डिस्पेन्सरी तथा उपचार कक्ष निर्माण/व्यवस्थापन सम्बन्धमा।

१९.वडा नं १३ को वडा कार्यालय तथा स्वास्थ्य चौकी भवन निर्माणमा जि.स.स.सँग साझेदारी गर्ने सम्बन्धमा।

२०.आवश्यक शिक्षक व्यवस्थापन सम्बन्धमा।

२१.वडा नं १२ मा नगरस्तरीय फुटवल प्रतियोगिता आयोजना सम्बन्धमा।

२२.वडा नं १० को भित्री लुइटेलगाँउ मोटरबाटो मर्मत सम्बन्धमा।

२३.विविध।

## बैठक संख्या १५१
## मिति २०८२/०५/१६
## नगरकार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १**

गत कार्यपालिकाको बैठकबाट कार्यान्वयन गर्नुपर्ने निर्णयहरु कार्यान्वयन भइरहेको विवरण सम्बन्धित शाखाहरुबाट प्राप्त भएको हुँदा कार्यान्वयनमा खटिने सबै तह, निकाय, शाखालाई धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. २**

पाँचखाल नगरपालिका महिला बालवालिका तथा जेष्ठ नागरीक शाखाबाट पेश हुन आएको "अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम" संचालन मार्गदर्शन २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

पाँचखाल नगरपालिका भित्र रहेको फोहोर मैला व्यवस्थापनका सम्बन्धमा सर्वदलीय छलफल गर्न आगामी हप्ता दलिय प्रतिनिधीहरुलाई आमन्त्रण गरी बैठकको तयारी गर्न वन वातावरण तथा विपद् व्यवस्थापन शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

अन्य व्यक्ती तथा संस्था सहायता शिर्षकबाट देहायका व्यक्तीहरुलाई देहाय बमोजिमको औषधी उपचार सहयोग/विपन्न सहायता उपलब्ध गराउने निर्णय गरियो। ।

| क.सं. | नाम थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | विपिन बजगाई | पा.न.पा. ८ | १००००/- | ब्रेन हेमरेज |
| २ | युनिका दनुवार | पा.न.पा. १२ | १००००/- | मृगौलामा समस्या |
| ३ | कोपीला श्रेष्ठ | पा.न.पा. ४ | १००००/- | पत्थरी शल्यक्रिया |
| ४ | गोपाल सार्की | पा.न.पा. ३ | १००००/- | घर भास्सिएको |
| ५ | माइली कामी | पा.न.पा. ६ | १००००/- | पालनपोषण तथा शिक्षादिक्षा |
| ६ | राम तामाङ | पा.न.पा. १२ | १००००/- | पहिरोको कारण घरमा क्षति |
| ७ | निर बहादुर तामाङ | पा.न.पा. ८ | २००००/- | ICU मा उपचाररत |
| ८ | कान्छी तामाङ | पा.न.पा. ८ | १००००/- | दैनिक जिविकोपार्जन |
| ९ | राम बहादुर परियार | पा.न.पा. ५ | १५०००/- | हेड इन्जुरी |
| १० | मैया सुनार | पा.न.पा. ८ | १००००/- | फोक्सोको क्यान्सर |
| ११ | सरस्वती खत्री | पा.न.पा. ३ | १००००/- | आन्द्राको क्यान्सर |
| १२ | भक्त प्रसाद अधिकारी | पा.न.पा. ४ | १००००/- | फोक्सोको क्यान्सर |

**निर्णय नं. ५**

झोलुङ्गे पुल शाखा, पुलचोक ललितपुरको च.नं. ८०,मिति २०८२/०५/०८ को पत्रानुसार तहाँ कार्यालयबाट सशर्त अनुदान कार्यक्रम तर्फ चकमके झिगु खोला झोलुङ्गे पुल योजनाको लागि चालु आ.व.मा १० लाख बजेट सहित कार्यक्रम स्वीकृत भएकोमा उक्त पुल निर्माणको लागि विनियोजित रकम नपुग हुने भएकोले यस झोलुङ्गे पुल निर्माण योजनालाई बहुवर्षिय आयोजना स्वीकृत गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

सुनकोशी पाँचखाल खानेपानी उपभोक्ता समितिले अनुरोध गरे वमोजिम आयोजनाको वितरण लाइन विस्तार गर्न छुटपुट भएका क्षेत्रमा नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट रकम भुक्तानी हुने गरी पाइप लाइन विस्तार गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट रु.१,२०,०००/- भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं १० स्थित धारापारी देउतीकोथान पोखरीमा घेराबार गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

प्राविधिक इष्टिमेट वमोजिमको रकम नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं ९ स्थित झम्केश्वरी हुँदै राम्चे देवीस्थान सडक स्तरोन्नती गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

प्राविधिक इष्टिमेट वमोजिमको रकम नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं १२ स्थित सुवर्णखोला देखि छरुवा खोला पाटी र सुवर्ण खोला देखि झिकुखोला दाहसंस्कार गर्ने ठाँउसम्म करिडोर सडक निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

बागमती प्रदेशबाट आ.व. ०८१/८२ को कार्यक्रमबाट यस नगरपालिका अन्तर्गत संचालित गुठी विद्यालय श्री नव प्रतिभा मा.वि. पाँचखाल ६ काभ्रेलाई विद्यालय संचालन बस अनुदान दिएकोमा विद्यालयले बस खरिद गर्दा भन्सार शुल्क छुट नभएको हुँदा बसको लागत बढ्न गएकाले विद्यालयको माग बमोजिम भन्सार शुल्कको लागि नपुग रकम मध्य नगरपालिकाको म्याचिङ फण्ड शीर्षकबाट खर्च हुने गरी पालिकाले व्यहोर्ने ५०% रकम रु.१३,३७,५००/- विद्यालयको खातामा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ११**

प्राविधिक इष्टिमेट वमोजिमको रकम नगरस्तरीय आकस्मिक कोष शिर्षकबाट भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं ४ स्थित लामीडाँडा देखि फेदी जोड्ने मोटरबाटो स्तरोन्नती गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

पाँचखाल नगरपालिका वडा नं ९ धोन्द्रेखोलामा वसोवास गर्ने जनताको खानेपानीको लागि सुख्खाग्रस्त क्षेत्रमा खानेपानी व्यवस्थापन शिर्षकबाट खर्च भुक्तानी हुनेगरी एक थान पम्प उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १३**

वर्षातका कारण बिग्रिएका पाँचखाल नगरपालिका भित्रका सडक/बाटोहरु रु.५,००,०००/-मा नबढ्ने गरी वडास्तरीय/नगरस्तरीय आकस्मीक/विविध खर्च शीर्षकबाट खर्च भुक्तानी हुने गरी सवारीको लगसिट राखी/राख्न लगाई प्राविधिक इष्टिमेट वमोजिम सरसफाई तथा मर्मत सुधार गर्ने र वडास्तरीय वजेटबाट नपुग भएमा मर्मत संभार कोष शीर्षकबाट खर्च भुक्तानी हुने गरी १०% जनश्रमदान गराई उपभोक्ता समिति मार्फत बाटो सरसफाई गर्ने निर्णय गरीयो।

**निर्णय नं. १४**

पाँचखाल नगरभित्र रहेका प्रहरी चौकीहरुले प्रयोग गरीरहेको इन्टरनेटको लाग्ने महशुल संचार महशुल खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

कार्यपालिकाको मिति २०८२/०४/०८ गतेको निर्णय वमोजिम पाँचखाल नगरपालिका वडा नं ८ मा आस्फल्ट ब्याचिङ प्लान्ट स्थापना तथा संचालनका सम्बन्धमा वन्दन भगवती निर्माण सेवा प्रा.लि. को IEE तयार गर्ने TOR मात्र स्वीकृत गरिएको, निर्माण तथा संचालनको अनुमती नदिइएको हुँदा हाल उद्योग सञ्चालनमा आइनसकेको अवस्था रहेकोले IEE को प्रतिवेदन प्राप्त भए पछी जनताको भावना र मर्मलाई आत्मसाथ गर्दै पाँचखाल क्षेत्र भित्र सञ्चालन हुने उद्योग जनस्स्थ्य र वातावरणमा हानी नपुर्याउने एवं स्थानीय जनताको हितमा हुने अवस्थामा मात्र सञ्चालन हुनुपर्दछ भन्ने विषयमा यस पालिका सदैव सचेत रहेको हुँदा IEE प्रतिवेदनमा उल्लेख हुने प्राविधिक, वातावरणीय तथा जनस्वास्थ्यसँग सम्बन्धीत पक्षलाई समेत मध्यनजर गर्दै प्लान्ट संचालन अनुमती दिने/नदिने विषयमा जनताको भावनामा कुठाराघात नहुने गरी पाँचखाल नगरवासीको हित हुने अवस्थामा मात्र प्रचलित कानून वमोजिम स्वीकृती दिने/नदिने सम्बन्धमा कार्यपालिकाबाट जनताका हित अनुकुल हुने गरी प्लान्ट सञ्चालनका सम्बन्धमा आवश्यक निर्णय लिइने प्रतिवद्धता गर्दै प्लान्टका सम्बन्धमा नगरवासीहरुमा देखिएको अस्पष्टतालाई स्पष्ट पार्ने निर्णय गरियो।

**निर्णय नं. १६**

आ.व. ०८२/८३ को लागि प्रदेश सशर्त कार्यक्रम अन्तर्गत घाँसको विउ वतरण कार्यक्रम निशुल्क वितरण गर्ने गरी सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १७**

गत आर्थिक वर्षमाझै यस आ.व.मा पनि कार्य प्रगती लिई कृतिम गर्भाधानकर्तालाई प्रति व्यक्ति मासिक रु.५,०००/- सम्बन्धित शिर्षकबाट प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १८**

पाँचखाल नगरपालिका कार्यालयको हाताभित्र रहेको पशु सेवासँग सम्बन्धित डिस्पेन्सरी तथां उपचार कक्ष निर्माण/व्यवस्थापनका लागि आवश्यक प्रकृया अघि बढाउन पशुपंक्षी शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. १९

देहायका योजना/कार्यक्रमको स्वीकृत वार्षिक वजेटलाई मध्यनजर राखी जिल्ला समन्वय समितिसँगको ६०/४० साझेदारीमा निर्माण गर्ने गरी प्राविधिक शाखाबाट लागत अनुमान तयार गरी जिल्ला समन्वय समितिलाई वजेट व्यवस्थापन गरि दिन अनुरोध गरी पठाउने निर्णय गरियो।

तपसिल'

१.पाँचखाल नगरपालिका वडा नं १३ को वडा कार्यालय तथा स्वास्थ्य चौकी भवन निर्माण

२.वडा नं २ को वाल प्रतिभा आधारभूत विद्यालय निर्माण

निर्णय नं. २०

माध्यिक तहमा अङ्ग्रेजी, गणित र विज्ञान विषय शिषक नभएका माध्यमिक विद्यालयहरुमा विषयगत शिक्षक व्यवस्थापन गर्ने हेतुले हाल तीन वटा माध्यमिक विद्यालयहरुलाई आवश्यकता अनुसार अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षक करारमा राख्न र आधारभूत विद्यालयहरुलाई विद्यालयको माग बमोजीम करारमा शिक्षक राख्न अनुमती दिने। अनुमती पाउने विद्यालयहरु:

१.पलाञ्चोक भगवती मा.वि. पाँचखाल ९- कोटा १(एक)

२.जनता मा.वि. पाँचखाल ८- कोटा १(एक)

३.कालिका मा.वि. पाँचखाल १- कोटा १(एक)

४.बाल प्रतिभा आ.वि. पाँचखाल २-कोटा २(दुई)

५.राधाकृष्ण आ.वि. पाँचखाल १०- कोटा १(एक)

माध्यमिक तहका लागि प्रति शिक्षक प्रति महिना रु.३५,०००/-(पैतीस हजार मात्र) र आधारभूत तहका लागि प्रति शिक्षक प्रति महिना रु.२०,०००/-(बीस हजार मात्र) का दरले हुनेछ।

निर्णय नं. २१

नेपालीहरुको महान चाड विजया दशमी तथा दिपावलीको अवसरमा पा.न.पा. १२मा सञ्चालन गर्न लागिएको नगरस्तरीय फुटबल प्रतियोगिताका लागि विविध कार्यक्रम खर्च शिर्षकबाट रकम रु.१,००,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २२

प्राविधिक इष्टिमेट वमोजिम रकम नगरस्तरीय आकस्मीक शिर्षकबाट भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं १० स्थित भित्रि लुइटेलगाँउ मोटरबाटो मर्मत/सुधार गर्ने निर्णय गरियो।

निर्णय नं. २३(विविध)

१.मर्मत संभार कोष शिर्षकबाट रकम भुक्तानी हुने गरी प्राविधिक इषटिमेट वमोजिम पाँचखाल नगरपालिका वडा नं ३ र ४ को कार्यालय मर्मत संभार गर्ने निर्णय गरियो।

२.नगरस्तरीय आकस्मीक खर्च शिर्षकबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट वमोजिम पाँचखाल नगरपालिका वडा नं ८ स्थित सांखिनी भञ्ज्याङ्ग मोटरबाटो मर्मत/सुधार गर्ने निर्णय गरियो।

३.नगरस्तरीय आकस्मिक योजना खर्च शिर्षकबाट रकम भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट वमोजिम पाँचखाल नगरपालिका वडा नं ३ स्थित जनताडी सडक ढलान गर्ने निर्णय गरियो।

४.पाँचखाल नगरपालिका वडा नं ५ स्थित केराघारी स्वास्थ्य चौकीमा कार्यरत का.स. अनिता ढुङ्गानालाई डोर हाजिरी बमोजिम पारिश्रमिक शिर्षकबाट मासिक पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

५.कार्यपालिकाको निर्णय अनुसार पा.न.पा. २ स्थित खोक हुँदै थुम्का जोड्ने बाटो खुलाउने सिलसिलामा वडा अध्यक्ष समेतलाई पर्न गएको मुद्दाका सम्बन्धमा कानूनी उपचारको क्रममा कानूनी राय, सुझाव प्रकृया गर्दा लाग्ने खर्च विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी हुने गरी नगरपालिकाबाट व्यहोरिने निर्णय गरियो।

६.पाँचखालको उपयुक्त स्थानमा इलाका प्रहरी कार्यालय स्थापना गर्नका लागि आवश्यक पहल तथा प्रकृया अघि बढाउन जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक र जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकलाई अनुरोध गरी पठाउने निर्णय गरियो।

७.पाँचखाल नगरपालिका वडा नं ६ बस्ने नेत्रविहिन दिर्घ बहादुर खड्कालाई बिल बमोजिमको रकम विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी हुने गरी १ थान अक्टोप्याड बाजा उपलब्ध गराउने निर्णय गरियो।

८.नगरस्तरीय आकस्मीक कोषबाट रकम भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट अनुसार बोहोरेदोभान सडकको धेरै विग्रिएको ठाँउमा मर्मत संभार गर्ने निर्णय गरियो।

९.पाँचखाल नगरपालिका वडा नं २ स्थित टाँकै सिंचाइ पोखरी प्राविधिक इष्टिमेट अनुसार नगरस्तरीय आकस्मिक खर्च शीर्षकबाट रकम भुक्तानी हुने गरी मर्मत संभार गर्ने निर्णय गरियो।

१०.महिला वालवालिका तथा जेष्ठ नागरीक शाखाबाट पेश भए बमोजिम अपाङ्गता परिचय पत्र वितरण कार्यविधी २०७७ संशोधन गर्ने निर्णय गरियो।

११.पाँचखाल नगरपालिका वडा नं ६ स्थित धोत्रामा रहेको पशु सेवा प्रयोजनार्थ बनाइएको भवन जिर्ण भएकोले प्रदेश सशर्त कार्यक्रमबाट मर्मत संभार गर्ने निर्णय गरियो।

१२.नगर आधारभूत अस्पताल सञ्चालन खर्च शीर्षक अन्तर्गत रु.१० लाखबाट नबढ्ने गरी प्राविधिक इष्टिमेट बमोजिम अस्पताल परिसरमा ट्रस लगायत पूर्वाधार निर्माण कार्य गर्ने निर्णय गरियो।

१३.नगर आधारभूत अस्पताल सञ्चालन खर्च शीर्षक अन्तर्गत रु.१५ लाखबाट नबढ्ने गरी इष्टिमेट बमोजिम कम्प्युटर, प्रीन्टर, फर्नीचर, फिक्सचर लगायतका जिन्सी सामान खरिद गर्ने निर्णय गरियो।

१४.वार्षिक स्विकृत कार्यक्रम बमोजिम झिकुखोला पुल हर्षे सर्वमंगला वडा नं २ को लागि विनियोजित बजेटमा प्राविधिक इष्टिमेट अनुसार D.P.R. र निर्माणको लागि नपुग हुन आउने रकम रु.२०,००,०००/- विपद् व्यवस्थापन खर्च शिर्षकबाट थप गर्ने निर्णय गरियो।

१५.पाँचखाल नगरपालिका वडा नं ६ स्थित छेडा ढुङ्गानावेशी सडक प्रावधिक इष्टिमेट बमोजिम नगरस्तरीय आकस्मिक खर्च शिर्षकबाट भुक्तानी हुने गरी मर्मत सुधार गर्ने निर्णय गरियो।

*(बैठकमा प्रस्तुत एजेण्डाहरुमाथी कुनैपनि फरक मत नरहेको हुँदा सर्वसम्मत निर्णय गरिएको छ।)*